(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८१ साल माघ देखि २०८१ साल चैत्र मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

## (स्वतः प्रकाशन)


लुम्बिनी प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

## बिषयसूची


| | | |
|---|---|---|
| १. | मन्त्रालयको परिचय | १ |
| २. | मन्त्रालयको कार्यविवरण | १-२ |
| ३. | मन्त्रालयको संगठन संरचना, दरवन्दी विवरणर मन्त्रालय अन्तर्गत रहेका संरचना | ३-४ |
| ४. | मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी | ५ |
| ५. | मन्त्रालयबाट प्रदान गरिने सेवा | ५ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ६ |
| ७. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | ६ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ६ |
| ९. | सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | ६-७ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद | ८ |
| ११. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण | ८ |
| १२. | मन्त्रालयको वेवसाइट | ८ |
| १३. | मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | ८ |
| १४. | मन्त्रालयमा सूचना माग सम्वन्धी निवेदन | ८ |
| १५. | मन्त्रालयले गरेका सूचना सम्वन्धी कामहरु | ९ |
| १६. | मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था | ९ |

## १. मन्त्रालयको परिचयः

मिति २०७४ साल फाल्गुन ३ गते आर्थिक मामिला तथा योजना मन्त्रालयको नाममा स्थापना भई २०७८ साल भाद्र १३ गते बाट मन्त्रालयको नाम आर्थिक मामिला तथा सहकारी मन्त्रालय कायम भएकोमा प्रदेश सरकारको मिति २०७९ असार ३१ को निर्णयानुसार मन्त्रालयको नाम अर्थ तथा सहकारी मन्त्रालय कायम भएको र मिति २०८० श्रावण १ को निर्णयानुसार मन्त्रालयको नाम अर्थ मन्त्रालय कायम भएकोमा पुनः लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०८१/०१/०६ को निर्णयानुसार नाम परिवर्तन भइ आर्थिक मामिला तथा योजना मन्त्रालय नै कायम भएको छ।

## २. मन्त्रालयको कार्य विवरणः


- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा बैदेशिक सहयोग, बैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर
- प्रदेशस्तरिय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान
- संघीय नीति अनुरुप सह-वित्तीयकरण
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति निर्माण, कार्यान्वयन र नियमन
- प्रदेशको बजेट विनियोजन, तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन
- प्रदेश सञ्चित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परिक्षण
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन

- संघीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति तथा मापदणड तर्जुमा, कार्यान्वयन र नियमन
- संघीय सरकारसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य
- तथ्यांक, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य
- गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन
- प्रदेशको आर्थिक मामिला सम्बन्धी अन्य कार्यहरु।

## ३. मन्त्रालयको संगठन संरचना, दरवन्दी विवरण र मन्त्रालय अन्तर्गत रहेका संरचनाः

# आर्थिक मामिला तथा योजना मन्त्रालय

### संगठन संरचना



**ख. मन्त्रालयको दरबन्दीविवरण**

| क.स. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ती |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ |
| २ | अधिकृतस्तर | प्रशासन | राजश्व | नवौं/दशौं | २ | १ |
| ३ | अधिकृतस्तर | प्रशासन | सा.प्रशासन | नवौं/दशौं | १ | १ |
| ४ | अधिकृतस्तर | प्रशासन | लेखा | नवौं/दशौं | १ | ० |
| ५ | अधिकृतस्तर | प्रदेश प्रशासन | प्रशासन | सातौं/आठौं | ६ | २ |
| ६ | अधिकृतस्तर | प्रदेश प्रशासन | राजश्व | सातौं/आठौं | ५ | ० |
| ७ | अधिकृतस्तर | प्रदेश प्रशासन | लेखा | सातौं/आठौं | १ | १ |
| ८ | अधिकृतस्तर | न्याय | कानून | सातौं/आठौं | १ | १ |
| ९ | अर्थशास्त्री | प्रदेश प्रशासन | | सातौं/आठौं | १ | ० |
| १० | तथ्याङ्क अधिकृत | प्रदेश प्रशासन | तथ्याङ्क | सातौं/आठौं | १ | १ |
| ११ | कम्प्यूटर इन्जिनियर | प्रदेश प्रशासन | | सातौं/आठौं | १ | ० |
| १२ | कम्प्यूटर अधिकृत | प्रदेश प्रशासन | | सातौं/आठौं | १ | १ |
| १३ | अधिकृतस्तर | प्रदेश प्रशासन | प्रशासन | पाँचौ/छैटौं | ३ | १ |
| १४ | अधिकृतस्तर | प्रदेश प्रशासन | राजश्व | पाँचौ/छैटौं | ६ | २ |
| १५ | कम्प्यूटर अपरेटर | प्रदेश प्रशासन | | पाँचौ/छैटौं | ४ | २ |
| १६ | सहायकस्तर | प्रदेश प्रशासन | लेखा | सहायक चौथो/पाँचौ | १ | ० |
| १७ | सहायकस्तर | प्रदेश प्रशासन | प्रशासन | सहायक चौथो/पाँचौ | २ | २ |
| १८ | ह.स.चा. | ईन्जिनियरिङ | मे.ई/ज.मे.ई. | तहविहीन | ४ | ४ |
| १९ | का.स. | प्रदेश प्रशासन | सा.प्रशासन | तहविहीन | ६ | ६ |
| **जम्मा** | | | | | ४८ | २६ |

## ग. मन्त्रालय र अन्तर्गत रहेका संरचनाः

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

↓

**प्रदेश लेखा नियन्त्रक कार्यालय, दाङ**

### ४. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी

| महाशाखा | शाखा | महाशाखा प्रमुख | शाखा प्रमुख |
|---|---|---|---|
| बजेट योजना तथा कार्यक्रम | बजेट तथा कार्यक्रम | उपसचिव अमित पौडेल | बरिष्ठ शाखा अधिकृत सुमन पौडेल |
| प्रशासन महाशाखा | कर्मचारी प्रशासन | उपसचिव लाल बहादुर गुरुङ्ग | बरिष्ठ शाखा अधिकृत माधव पोखेल |
| | आर्थिक प्रशासन | | लेखा अधिकृत धर्मेश यादव |
| | कानून तथा फैसला कार्यान्वयन | | कानून अधिकृत परासर खरेल |
| बित्त व्यवस्थापन | राजश्व व्यवस्थापन | उपसचिव अमित पौडेल | बरिष्ठ शाखा अधिकृत सुमन पौडेल |
| | वित्त हस्तान्तरण तथा स्थानीय तह समन्वय | | बरिष्ठ कम्प्युटर अधिकृत शम्भु घिमिरे |
| | सूचना प्रविधि | | बरिष्ठ कम्प्युटर अधिकृत शम्भु घिमिरे |
| वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण | आर्थिक विश्लेषण | उपसचिव लाल बहादुर गुरुङ्ग | बरिष्ठ तथ्यांक अधिकृत विकल्प चौधरी |
| | बित्तीय क्षेत्र व्यवस्थापन | | |
| | | | |

### ५. मन्त्रालयबाट प्रदान गरिने सेवा

मन्त्रालयको कार्यजिम्मेवारी/कार्यविवरण अनुसार कार्यसम्पादन गर्ने। मन्त्रालयबाट सूचना माग सम्वन्धी सेवा सूचनाको हकसम्वन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ। मातहत कार्यालयहरुबाट हुने गरेको क्रियाकलापहरुमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो विरुद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### ६.१ सेवा प्राप्त गर्न लाग्ने दस्तुरः

सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर ।

### ६.२ सेवा प्राप्त गर्न लाग्ने अवधिः

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य बिशेष कानूनले अवधि तोकेकोमा सोही बमोजिम ।

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारवाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रक्रिया अगाडि बढाइने ।

## ८. गुनासो सुन्ने अधिकारीः उप-सचिव श्री अमित पौडेल

## ९. सम्पादन भएका मुख्य मुख्य कामको बिवरणः

### क. प्रशासन महाशाखाः

- प्रदेश सरकारबाट सहमती लिइ संघबाट आएका कर्मचारीलाई कामकाजमा खटाइएको।
- मन्त्रालयको दैनिक प्रशासनिक कामकारवाही सञ्चालन गरिएको।
- नियमानुसार आर्थिक प्रशासन संचालन गरिएको।
- गुनासो र उजुरी सुनुवाई गर्ने गरिएको।
- विभिन्न मन्त्रालय/निकायको संगठन संरचना तथा दरवन्दी विवरण उपर राय/परामर्श र सहमति प्रदान गरिएको।

### ख. बजेट योजना तथा कार्यक्रम महाशाखाः

- विषयगत मन्त्रालयहरुमा आर्थिक वर्ष २०८२/८३ को बजेट सिमा र बजेट मार्गदर्शन पठाइएको।
- आगामी आ.व.को आय व्यय प्रक्षेपण गरिएको।
- स्थानीय तहलाई हस्तान्तरण हुने अनुदानहरुको सीमा निर्धारण गरिएको।
- मन्त्रालयहरुबाट माग भए बमोजिम बिधेयक, नियमावली तथा कार्यविधि उपर राय, परामर्श र सहमति प्रदान सम्वन्धी काम गरिएको।
- प्रदेशका आयोजनाको वहुवर्षिय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ स्वीकृत गरिएको।
- समपूरक अनुदान (दोस्रो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गरिएको।
- विशेष अनुदान (दोस्रो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गरिएको।

- समपूरक र विशेष अनुदानका आयोजनाहरुको प्रस्ताव माग गरिएको।
- विनियोजन ऐन तथा अन्य प्रचलित कानून बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गरिएको।
- गत आ.व.मा कार्यसम्पन्न भई भुक्तानी बाँकी रहेका (म.ले.प.फा.नं. २२१ प्रमाणित भएका) आयोजनाहरुको सम्बन्धमा, प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८१/१०/०७ को निर्णय बमोजिम रकमान्तर गर्न यस मन्त्रालयबाट सहमति प्रदान गरिएको।

**ग. वित्त व्यवस्थापन महाशाखाः**

- स्थानीय तहबाट बाँडफाँट भइ प्राप्त हुने राजश्व स्थानीय तहबाट प्राप्त भइसकेपछि मात्र प्रदेश सरकारबाट जाने अनुदान रकम हस्तान्तरण हुने अनिवार्य व्यवस्था गरिएको।
- समपुरक र विशेष अनुदान सम्बन्धी मापदण्ड प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट संशोधन सहित स्वीकृत गरिएको।
- स्थानीय तहलाई प्रदान गरिने सबै प्रकारका अनुदानको सिमा निर्धारण गरिएको।
- प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि संशोधन गरिएको।
- विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि संशोधन।
- आगामी आ.व.मा स्थानीय तहमा बाँडफाँट हुने सवारी साधन करको अनुमानित सिमा निर्धारण गरिएको।
- चालु आ.व. २०८१/८२ को सवारी साधन सम्बन्धी कर माघ महिनामा रु.९२६१७३४२/- र फागुन महिनामा रु.९६८०९२५८/- बाँडफाँट गरी १०९ वटा स्थानीय तहमा पठाइएको।

**घ. वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखाः**

- प्रदेशको राजश्व तथा खर्चको विवरण संकलन तथा बिश्लेषण गर्ने गरिएको।
- संघीय निकायहरुबाट माग भएका सूचना तथा तथ्याङ्क तयार गरी पठाइएको।
- बजेट कार्यान्वयनको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको।
- आ.व. २०८१/८२ को बजेटको अर्धवार्षिक समिक्षा गरिएको।

**१. आर्थिक मित्तव्ययीता र वित्तीय अनुशासन सम्बन्धी कार्यहरुः-**

क) प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेका बहुवर्षिय आयोजनाहरुको चाप बढी स्रोतको अभाव हुन लागेकोले त्यसमा नियन्त्रण गर्नको लागि प्रदेशका आयोजनाको बहुवर्षिय ठेक्का सहमती सम्बन्धी मापदण्ड, २०८० परिमार्जन गरेर मात्र आ.व. २०८१/८२ को बहुवर्षिय आयोजनाको स्रोतको सुनिश्चितता प्रदान गरिने व्यवस्था गरिएको।

ख) संघीय सशर्त, समपुरक र विशेष अनुदानतर्फका कार्यक्रमलाई विशेष प्राथमिकता दिई कार्यान्वयन गरिएको।

ग) चालु आ.व.मा बजेट विनियोजन भई खर्च गर्ने निकायले कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का व्यवस्थापन भइसकेपछि बचत हुन आउने रकमको पुनः ठेक्का लगाउन नपाइने व्यवस्था गरिएको।

घ) चालु खर्चमा नियन्त्रण र मित्तव्ययीता अपनाइ बेरुजु फछ्यौंटको कार्यलाई उच्च प्राथमिकता दिइएको।

## १०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पदः

| | |
|---|---|
| प्रमुख | सचिव श्री डिलाराम पन्थी |
| प्रवक्ता तथा गुनासो सुन्ने अधिकारी | उपसचिव श्री अमित पौडेल |
| सूचना अधिकारी | वरिष्ठ शाखा अधिकृत श्री माधव पोखेल |

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरणः

चालु आ.व. २०८१/८२ मा चैत मसान्त सम्मको आय र व्ययको वित्तीय अवस्थाः

**(रु. लाखमा)**

| चालु बजेट | | पुँजीगत बजेट | | जम्मा खर्च प्रगति % |
|---|---|---|---|---|
| विनियोजन | खर्च/प्रतिशत | विनियोजन | खर्च/प्रतिशत | |
| १४३८४१ | ६००७२.१६<br>४१.७६ प्रतिशत | २४५८५९ | ९४७९७.१४<br>३८.५६ प्रतिशत | ३९.७४ प्रतिशत |

## १२. मन्त्रालयको वेवसाइटः

अर्थ मन्त्रालयको वेवसाइटः www.moeap.lumbni.gov.np

## १३. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरणः

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाइटमा नियमित प्रकाशन हुने गरेको, महत्वपूर्ण सूचनाहरु पुस्तक प्रकाशन भएको ।

## १४. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदनः

सूचना माग भएका निवेदनका सम्वन्धमा प्रचलित ऐन, नियमावली बमोजिम सूचना उपलव्ध गराइएको ।

**१५. मन्त्रालयले गरेका सूचनासम्वन्धी कामहरुः**

- महत्वपूर्ण सूचनाहरु पत्रपत्रिकामा प्रकाशन गरेको ।
- ऐन, कानून सम्वन्धी पुस्तकहरु प्रकाशन गरेको ।
- माग भए बमोजिमका सूचनाहरु लिखित वा मौखिक रुपमा सम्प्रेषण गरेको ।

**१६. मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था**

**क. आर्थिक तथा प्रशासनिक पक्षसँग सम्बन्धितः**

- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४,
- प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५,
- प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५,
- सालवसाली रुपमा ल्याइने प्रदेश विनियोजन ऐनहरु तथा प्रदेश आर्थिक ऐनहरु,
- संचित कोष सञ्चालन कार्यविधि, २०७४,
- प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८,
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५,
- प्रदेश घरजग्गा न्यूनतम मुल्य निर्धारण समिति (गठन तथा कार्यसञ्चालन) आदेश, २०७६,
- विशेष अनुदान व्यवस्थापन कार्यविधि, २०७६,
- मनोरञ्जन कर नियमावली, २०७६,
- सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६,
- विज्ञापन कर नियमावली, २०७६,
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१
- प्रदेशका आयोजनाको बहुवर्षिय ठेक्का सहमती सम्बन्धी मापदण्ड, २०८०
- प्रदेश तथ्याङ्क नियमावली, २०७८
- सरुवा सम्बन्धी मापदण्ड, २०८१

**ख. विविध**

- प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५,
- तथ्याङ्क ऐन, २०७५
- कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७८